**नेपाल वायुसेवा निगम**
**ग्राउण्ड सपोर्ट विभाग**
**मौजुदा सूची दर्ता गर्ने वारेको सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०८२/०४/०४)**

यस निगमको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित ग्राउण्ड सपोर्ट विभागलाई यस आर्थिक बर्ष २०८२/८३ को अवधीको लागि नियमित कार्यहरु संचालन गर्न आवश्यक पर्ने निम्न लिखित सेवा तथा बस्तुहरु खरिद गर्नुपर्ने हुनाले आपूर्ति गर्न ईच्छुक व्यक्ति, रजिष्टर्ड फर्म वा कम्पनीहरुले आफूले आपूर्ति गर्न चाहेको सामान तथा सेवा प्रष्ट खुलाई मौजुदा सूची (Standing List) मा सूचीकृत हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। उक्त प्रयोजनको लागि आवश्यक कागजातहरु (Documents) जस्तै फर्म दर्ता,प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर प्रमाण पत्र (अध्यावधिक) वा स्थायी लेखा नंम्वर प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रहरु प्रमाणित प्रतिलिपि र सम्बन्धित कार्यको अनुभव समेत समावेश गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सूचीकृत गर्नु हुन सूचीत गरिन्छ । साथै बस्तु तथा सेवाहरुको सूची सम्वन्धी जानकारीका लागि निगमको वेभ साईट www.nepalairlines.com.np हेर्न सकिनेछ ।

**क. वस्तु तथा सेवाहरुको सूची :**

1. General and Specific Repair, fabrication and supply of
    a. Automotive Spare Parts (Including 12V Automotive Batteries, Tyre/Tube, Hydraulic Hoses, Filters, Lubricants, etc.)
    b. Equipment's Engine/Transmission Overhaul/ Repair
    c. Automotive Electrical Sub Assembly/ Repair (Starter Assy., Alternator Assy. etc.)
    d. Office Stationery Materials
    e. Industrial Paints & Chemicals
    f. Fabricating & Machining of Spare Parts & Accessories
    g. Equipment Denting/Painting/Upholstery
    h. General Miscellaneous Items
2. Supply and/or services of Water Treatment Plant (Including Spare Parts, Chemical medias, Lab Test Chemicals, Water Quality Lab Testing Devices etc.)
3. Supply of Manpower for specific and urgent technical works, Training works, Resource Persons, etc.
4. Personal Protective Equipment (Fluorescent Jackets, Full Scale Pandemic Suits, Ear Plugs, Safety Shoes, Noise Cancelling Headphone, etc )
5. अन्तर्राष्ट्रिय विमानस्थलमा अवस्थित Ground Support Equipment हरुको संचालन सम्वन्धी सुरक्षाका विषयहरु र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार संस्थाहरु संचालनको लागि आवश्यक पर्ने कागजातहरु (Documents) जस्तै Standard Operating Procedures, Quality Manuals, Safety Manuals, Training Manuals, etc. तयारी तथा परामर्श (Consultancy) सेवा प्रदान गर्ने र आवश्यक परेमा तालिम दिने ।
6. Operations, Maintenance, Procurement & Inventory Management आदिको Software Development सम्बन्धी कार्य गर्ने ।

**ख. छनौट र सूचीकृत गर्ने आधार :**

निवेदकहरुले पेश गरेको प्रमाणपत्र तथा अनुभव आदिको आधारमा योग्य आपूर्तिकर्ता, मर्मत संभारकर्ता,प्रशिक्षण तथा परामर्श सेवा निकायहरुको छनौट गरिने छ । छनौट प्रकृयामा देहायका कुराहरु उपर कारवाही गरिनेछ

क. कानुनी कागजातहरु (फर्म दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, संस्थाको संरचना, विवादित रेकर्ड, आदि)
ख. सामान्य तथा विशेष कामको अनुभव, बायो डाटा, कम्पनीको प्रोफाइल आदि
ग. नेपाल वायुसेवा निगमसँग पुरानो कारोवार गरेको रेकर्ड (यदि उपलब्ध भएमा)

सूचीकृतको लागि योग्य आवेदकहरुको सूची यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिन भित्र यस कार्यालयको सूचना पाटीमा टांस गरिने छ ।
सूची दर्ता गर्नु पर्ने स्थानः नेपाल वायुसेवा निगम, ग्राउण्ड सपोर्ट विभाग, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौं ।
यस सम्वन्धी थप जानकारीको लागि फोन नम्वर ०१-४११३०९८ मा सम्पर्क गर्न सकिने छ ।

**नेपाल वायुसेवा निगम**
**ग्राउण्ड सपोर्ट विभाग**
**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौं**

मौजुदा सूचीमा दर्ता हुनका लागि दिइने निवेदनको ढाँचा

मिति ..............................................

श्री कार्यालय प्रमुखज्यू

....................................कार्यालय

...........................................।

विषय : मौजुदा सुचीमा दर्ता गरी पाऊँ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम तपशिलमा उल्लेखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजत संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

तपशिल :

| १.मौजुदा सुचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपुर्तिकर्ता निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरण : | |
|---|---|
| (क) नाम : | (ख) ठेगाना : |
| (ग) पत्रचार गर्ने ठेगाना : | (घ) मुख्य वयक्तिको नाम : |
| (ङ) टेलिफोन नं. : | (च) मोवाईल नं.: |
| २. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला | |

(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐

(ख) नविकरण गरिएको छ ☐ छैन ☐

(ग) मुल्य अभिबृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐

(घ) कुन खरिदको लागि मौजुदा सूचमि दर्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि छ ☐ छैन ☐

(ङ) कर चुक्ताको प्रमाणपत्र छ ☐ छैन ☐

| ३. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण : | | | |
|---|---|---|---|
| (क) मालसामन आपूर्ति :<br><br>(मालसामनको प्रकृति समेत उल्लेख गर्ने) | | (ख) निमार्ण कार्य | |
| (ग) परमार्श सेवा : (परमार्श सेवाको प्रकृति समेत उल्लेख गर्ने) | | (घ) अन्य सेवा :<br>(अन्य सेवाको प्रकृति उल्लेख गर्ने) | |
| निवेदन दिएको मिति :<br><br>आ.व.: | फर्मको छाप : | | निवेदकको नाम :<br><br>हस्ताक्षर: |